# घोराही उपमहानगरपालिका स्तरीय
## आधारभूत तह (कक्षा ५) उत्तीर्ण परीक्षा २०८१

कक्षा : ५ | पूर्णाङ्क : ५०
विषय : नेपाली | समय : २ घण्टा

**तलका सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।**

---

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा भर्नुहोस् :** (२)

अखाद्य, घाइते, उपचार, कोदाली, साकेला

क) लडाइमा चोटपटक लागेको .............

ख) राई समुदायको मुख्य चाड .............

ग) खेतबारी खन्न प्रयोग गरिने औजार ............

घ) खान नहुने ................

**२. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :** (२)

क) 'तल' शब्दको उल्टो अर्थ दिने शब्द ........ हो । (माथि, पहाड, पृथ्वी)

ख) 'कोशेली' शब्दको उस्तै अर्थ दिने शब्द ...... हो । (घुस, इनाम, उपहार)

ग) 'केरा' को सानो बुझाउने शब्द ...... हो । (घरी, काइँयो, कोसो)

घ) 'सुन्तला' शब्दको समावेशक शब्द ........ हो । (चिया, फलफूल, तरकारी)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (३)

प्राकृतिक, झलमल, उपहार

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

| | | | | |
|---|---|---|---|---|
| क) | निबेदन | निवेदन | नीबेदन | नीवेदन |
| ख) | शिशु | शिसु | सिसु | शिषु |

**५. दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** (२)

हामिले विरिद र रोगी लाई सहयोग गर्छौ ।

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

<u>सानो</u> भाइ <u>घरमा</u> जान्छ र <u>उसले</u> पुस्तक <u>पढ्छ</u> ।

**७. जोडा मिलाउनुहोस् :** (२)

| समूह 'क' | समूह 'ख' |
|---|---|
| ऊ | जान्छौँ |
| म | जानुहुन्छ |
| हामी | जान्छु |
| तपाईं | जान्छ |

**८. उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस् :** **(२)**

क) हरि ............. रोटी खान्छ । (ले, लाई, बाट)

ख) रुख ............. पात झऱ्यो । (द्वारा, मा, बाट)

ग) तपाईं सहर ........... बस्नुहुन्छ । (बाट, मा, को)

घ) राम ................ बहिनी आईन् । (को, की, का)

**९. दिइएको सङ्केतका अधारमा वाक्य परिवर्तन गर्नुहोस् :** **(४)**

क) ऊ बजार जान्छ । (भविष्यत काल)

ख) हामी छिट्टै आउने छौं । (वर्तमान काल)

ग) मोहनले चिट्ठी लेख्छ । (भूत काल)

घ) घोराहीमा रमाइलो मेला लाग्ने छ । (भूतकाल)

**१०. तल दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :** **(५)**

क) सुशान्त दार्जिलिङ गई ।

ख) तपाईं कहाँ जान्छस् ।

ग) म स्कूलबाट घर फर्कन्छ ।

घ) उनीहरु धेरै धनी छ ।

ङ) बहिनी विद्यालयमा पढाउँछ ।

**११. तलका दुवै प्रश्नको उत्तर लेख्नुहोस् :** **(४+४=८)**

क) तलको कविताको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् ।

हलो, जुवा, कोदाली हुन् जीवनका खुशी
खेतबारी पाठशाला पसिना हो मसी
दुनियाँको खुशी लेख्ने किसानको मन
किसान हुन् अन्नदाता संसारकै धन ।

**प्रश्नहरु :**

अ) जीवनको खुशी के हो ?

आ) किसानको खेतबारी र पसिनालाई के सँग तुलना गरिएको छ ?

इ) हाम्रो अन्नदाता को हुन् ?

ई) किसानको मन के हो ?

ख) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :

योजना बमोजिम पृथ्वीनारायणले नुवाकोटमाथि आक्रमण गरे । पहिलो आक्रमणमै उनले पराजय भाग्नु पऱ्यो । नुवाकोटमै हार खाइसके पछि कान्तिपुरतिर उनले कसरी आँखा लगाउन सक्थे र ? उनमा चिन्ता थपियो । यस हारले उनी घाइते सिंहझैं रन्थनिदै बिसेको आँगन टेक्न आइपुगे । बिसे आँगनमा फाटेको सुरुवाल टालेर बसिरहेको थियो । उसले आफ्नो आँगनमा राजालाई सशरीर देख्यो । उसलाई पहिले त पत्याउनै मुस्किल पऱ्यो । उसलाई सपना झैं लाग्यो । जब राजा नजिक आइपुगे तब ऊ अभिवादनका लागि उठ्यो । उसले हतार हतार आँगनमा लडिरहेको ओखल घोप्ट्यायो । ओखलमाथि सुकुल बिछ्यायो । राजाका लागि आसन तयार भयो ।

**प्रश्नहरु:**

अ) पृथ्वीनारायणले किन कान्तिपुरतिर आँखा लगाउन सकेनन् ?

आ) पृथ्वीनारायण किन बिसेको आँगनमा पुगे ?

इ) पृथ्वीनारायण पुग्दा बिसे के गर्दै थियो ?

ई) बिसेले पृथ्वीनारायणलाई बस्ने आसन कसरी तयार पारे ?

**१२. कुनै एक प्रश्नको आशय वर्णन गर्नुहोस् :** **(४)**

क) धर्तीलाई आमा भन्ने भावना छ हाम्रो
कर्मभूमि जता बनोस् नेपाल नै राम्रो ।

ख) धेरै कुरा नबुझिए पनि मत्स्य पोखरीका केही दृश्य अझै ताजै छन् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

क) आफू विरामी भएको कारण विद्यालय उपस्थित हुन नसकेको व्यहोरा अवगत गराउँदै दुई दिनको विदाका लागि कक्षा शिक्षकलाई निवेदन लेख्नुहोस् ।

ख) जिल्ला स्तरीय नृत्य प्रतियोगितामा प्रथम स्थान हाँसिल गर्ने विद्यार्थीलाई विद्यालयले दिने बधाई पत्रको नमुना बनाउनुहोस् ।

**१४. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(४)**

क) तलको संवाद पूरा गर्नुहोस् ।

राजु : हरि ! हिजो विद्यालय किन नआएको ?

हरि : ..............................................

राजु : अनि कस्तो भयो त पूजा ?

हरि : ..............................................

राजु : तिमीहरु को को गएका थियौ नि ?

हरि : ..............................................

राजु : हिजो सुरज पनि आएका थिएनन्, किन होला ?

हरि : ..............................................

राजु : ए ! दाजुको बिहे थियो ?

हरि : ..............................................

राजु : अब आइतबार सबै जना बसेर कुरा गरौंला ।

हरि : ल...ल... भइहाल्छ नि ।

ख) दिइएका बुँदाको आधारमा छोटो कथा तयार पारी शीर्षक समेत दिनुहोस् ।

एउटा घरमा टाटे र काले नामका बिराला .......... उनीहरु खुब मिल्नु ............ सिकार खेल्नसँगै जानु ............ आपसमा बाडेर खानु ........... एकदिन साह्रै भोकाउनु ........... टाटेले थोरै कुराउनी भेट्नु ............ एक्लै खान खोज्नु .......... दुबैको ठूलो झगडा .......... चङ्खे बाँदर कहाँ गई बाड्न लगाउनु ............. बाँदरले तराजुको दुईतिर राख्नु .......... धेरै तिरको आफै खानु ........... अर्का तिर धेरै हुनु .......... फेरि चङ्खेले बढी भएकोबाट निकालेर खानु ........ कुराउनी सकिन लाग्नु ........... दुवै विरालाले आफै बाड्ने सल्लाह गर्नु ........... मिलेर बाँडेर खानु ........... बाँदर कहाँ गएकोमा पछुतो मान्नु ............

**१५. कुनै एक शीर्षकमा १०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

क) मेरो विद्यालय

ख) विद्यार्थी जीवनमा अनुशासनको महत्त्व

ग) दशैं

**समाप्त**